
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ११ गते शुक्रबार ❑ 24 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटकको गन्तव्यका रूपमा विकास गर्न सरकार क्रियाशील छः प्रधानमन्त्री

**रासस**
काठमाडौं, १० जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकार बुद्धको विचार, मार्गदर्शन एवं बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटकको गन्तव्यका रूपमा विकास गर्न क्रियाशील रहेको बताउनुभएको छ।

२५६८औँ बुद्ध जयन्ती एवं लुम्बिनी दिवस मूल समारोहद्वारा बिहीबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले संसारभरिका करोडौँ बौद्ध समुदाय एवं आम मानिसले समेत जीवनमा एकपटक दर्शनरअवलोकन गर्नैपर्ने पवित्र तीर्थस्थलको विकासमा सरकार लागिपरेको बताउनुभएको हो । उहाँले भन्नुभयो, "वर्तमान सरकार बुद्धको विचार, मार्गदर्शन एवं बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकसित गर्न क्रियाशील छ।" नेपालले आयोजना गरेको तेस्रो लगानी सम्मेलनमा बृहत्तर लुम्बिनी विकास परियोजनासम्बन्धी प्रस्ताव प्रस्तुत भई वैदेशिक लगानीका लागि विश्व समुदायलाई आह्वान गरिएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले यसले विश्वभरिका बौद्ध धर्मावलम्बीहरूलाई आकर्षण गरी धार्मिक पर्यटन एवं विश्वशान्तिमा



गौतम बुद्ध र नेपालको योगदान प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो । "बुद्धको जन्मभूमि लुम्बिनीको भ्रमण गर्न पाउनु विश्वका प्रत्येक नागरिकका लागि गौरवको विषय हुन्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "लुम्बिनीलाई विश्वभरिका बुद्धिष्टहरूको 'बर्थिङ सेन्टर'का रूपमा विकास गर्ने र त्यसमार्फत यस क्षेत्र र सिङ्गो देशको पर्यटन प्रवर्द्धनमा उच्च सफलता हासिल गर्ने सम्भावना छ।" उहाँले शाक्यमुनि गौतमबुद्ध शील, समाधि र प्रज्ञाका प्रतिमूर्ति एवं शान्ति, एकता र सद्भावका सामूहिक प्रतीक भएको बताउनुभयो ।

"पूर्वीय दर्शन र चिन्तन परम्परामा बुद्धको विचार र त्यसको प्रभाव निकै महत्त्वपूर्ण छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "मानव सभ्यता र संस्कृतिको विकासमा, ज्ञान निर्माण (आर्जन) र प्रज्ञाको अभ्युदयमा बुद्धको मार्गदर्शन अत्यन्तै प्रभावशाली छ।

बुद्धको जन्मले नेपाललाई विश्वमा चिनाउने मात्र नभई धार्मिक पर्यटनको माध्यमबाट असीमित सम्भावना समेत उपलब्ध गराएको छ।" मौर्यसम्राट अशोकद्वारा निर्मित अशोक स्तम्भको शिलालेखले बुद्धको जन्म लुम्बिनीमा भएको तथ्य अकाट्य रूपमा प्रमाणित भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सम्पूर्ण मानव जातिको साझा धरोहर एवं विश्व सम्पदाको महत्त्वपूर्ण अङ्ग पवित्र लुम्बिनीको द्रूत विकासका लागि सरकारले लुम्बिनीलाई राष्ट्रिय गौरवको आयोजनामा सामेल गरी लुम्बिनी गुरूयोजनाको बाँकी कार्य यथाशक्य पूरा गर्न लागिपरेको स्पष्ट पार्नुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "अन्तर्राष्ट्रिय दातृराष्ट्र तथा सङ्घ संस्थाहरूको समेत सहयोग तथा सहभागितामा सरकारले कपिलवस्तु क्षेत्र, देवदह क्षेत्र तथा रामग्रामको पुरातात्विक उत्खनन्, संरक्षण, प्रवर्द्धन तथा विकास गरी स्थानीयलाई विकासको प्रतिफल दिलाउन प्रयास गरिरहेको छ।"

बृहत्तर लुम्बिनी विकास परियोजनाको सफल कार्यान्वयनमार्फत उक्त सम्भावनालाई यथार्थमा बदल्न सकिने बताउँदै उहाँले यस कार्यका लागि प्रस्ताव बनाउन र पहल अगाडि बढाउन लुम्बिनी विकास कोषलाई निर्देशन दिनुभयो । लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्धदर्शन र शिक्षाको अझ ठूलो केन्द्र बनाउन सकिने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले लुम्बिनी बुद्धको जन्मस्थल मात्र नभई बौद्धदर्शनको उद्गमस्थल भएको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "यस क्षेत्रलाई अन्तर्राष्ट्रिय बौद्धदर्शन र शिक्षाको केन्द्र बनाउन ठोस योजना अगाडि बढाएको छ ।" उहाँले बौद्ध विश्वविद्यालयको समग्र ध्यान बौद्धदर्शनको प्रवर्द्धनतर्फ केन्द्रित गर्न निर्देशन दिनुभयो । नेपाल सरकारले सन् २००४ मा दोस्रो विश्व बौद्ध शिखर सम्मेलन आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेको स्मरण गर्दै प्रधानमन्त्रीले तेस्रो शिखर सम्मेलन छिट्टै आयोजना गरिनेसमेत जानकारी दिनुभयो ।

## एमालेलाई निर्णायक शक्तिका रूपमा स्थापित गर्नुपर्छ : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
दमौली, १० जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई निर्णायक राष्ट्रिय शक्तिको रूपमा स्थापित गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेकपा (एमाले) तनहुँ जिल्ला कमिटीले बिहीबार यहाँ आयोजना गरेको कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्दै मुख्यमन्त्री अधिकारीले पार्टीलाई देशकै सबैभन्दा ठूलो र निर्णायक शक्ति बनाउने अभियानमा सबै एकजुट भएर लाग्नुपर्ने बताउनुभयो । आगामी निर्वाचनमा तीनवटै तहमा एमालेको एकल बहुमत आउने गरी तयारी थाल्न कार्यकर्तालाई आग्रह गर्दै उहाँले भन्नुभयो, "आगामी निर्वाचनमा स्थानीय, प्रदेश र सङ्घमा बहुमत ल्याउने गरी काम गर्नुपर्ने लक्ष्यमा हिँडेका छौँ । यसका लागि सम्पूर्ण शक्ति लगाउनुपर्छ ।"

पार्टीका स्थायी कमिटी सदस्य रहनुभएका मुख्यमन्त्री अधिकारीले देश विकास,



स्थिरता र आर्थिक समृद्धिका लागि एमालेलाई मूल शक्तिको रूपमा स्थापित गर्नुपर्नेमा जोड दिनुभयो। गण्डकी प्रदेशमा सरकार गठनको विषय सर्वोच्चमा विचाराधीन रहेको भन्दै सर्वोच्चको फैसला मानेर जानुको विकल्प नभएको उहाँले उल्लेख गर्नुभयो। प्रदेश सरकारले बजेट निर्माणको प्रक्रिया सुरु गर्न लागेको बताउँदै मुख्यमन्त्री अधिकारीले शुक्रबारदेखि सिद्धान्त र प्राथमिकताका विषयमा प्रदेशसभामा छलफल प्रारम्भ गरिने जानकारी दिनुभयो। उहाँले समाजवादको यात्रामा अगाडि बढ्ने क्रममा आइपर्ने बाधालाई पन्छाउँदै निरन्तर गन्तव्यतर्फ लाग्नुपर्ने उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री अधिकारीले भ्रष्टाचारलाई ढाकछोप गर्ने, कानुनको दुरुपयोग गर्ने लगायतका काम कोही कसैले गर्न नहुनेमा जोड दिनुभयो। पार्टीभत्र कोही पनि सदस्य सहकारीको अपचलनमा रहेको भेटिए तत्कालै कारबाही गरिने उहाँको भनाय छ। मुख्यमन्त्री अधिकारीले भन्नुभयो, "हामी त्यस्ता व्यक्तिलाई संरक्षण गर्दैनौँ, पार्टीकै सहकारी विभागका सचिवको विषयमा कुरा आएपछि हामीले जिम्मेवारीबाट हटाएका छौँ ।" उहाँले प्रदेश सरकार प्रदेशलाई समृद्ध र विकासको गतिमा अगाडि बढाउन दृढ भएर लागेको उल्लेख गर्नुभयो ।

## गण्डकी प्रदेशसभा बैठकमा कांग्रेस सहभागी नहुने

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

गण्डकी प्रदेशसभाको शुक्रबार बस्ने बैठकमा नेपाली काग्रेस सहभागी नहुने भएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशसभा संसदीय दलले प्रदेशसभाको उक्त बैठकमा सहभागी नहुने जनाएको छ।

कांग्रेस संसदीय दल, गण्डकी प्रदेशले आज विज्ञप्ति जारी गर्दै मुख्यमन्त्री खगराज अधिकारीले विश्वासको मत लिने क्रममा असंवैधानिक तवरबाट बहुमत प्राप्त गरेको घोषणा प्रक्रियाविरुद्ध कांग्रेस संसदीय दलले सर्वोच्च अदातलमा दायर गरेको रिटको अन्तिम सुनुवाइ नहुँदासम्म गण्डकी प्रदेशसभाको बैठक एवं प्रदेश सरकारका काममा पार्टीको सहभागिता नहुने जनाएको छ।

"अदालतको आदेशको अवहेलना हुने गरी कामचलाउ प्रदेश सरकारले यही जेठ ११ गते दिउँसो ३.०० बजे प्रदेशसभा बैठक आह्वान गरी आगामी बजेटका सन्दर्भमा पूर्व छलफल गराउने कार्यप्रति नेपाली कांग्रेस संसदीय दलको गम्भीर असहमती रहेको छ", नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

अदालतको आदेश विपरित कार्य गरे गराइएमा कांग्रेस संसदीय दललाई मान्य नहुने र त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवार स्वयम प्रदेश सरकार र आदेश उल्लङ्घन गर्ने पक्ष नै हुने विज्ञिप्तिमा उल्लेख छ।

## मनाइयो बुद्धजयन्ती

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको दुई हजार ५६८औँ जन्म जयन्ती मनाइएको छ। आज घर, गुम्बा, चैत्य, विहारमा श्रद्धाभक्तिपूर्वक पूजा आराधना, प्रवचन एवम् शान्ति सन्देश फैल्याउन उहाँले खेलेको योगदानको स्मरण गरी


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



### बालबालिकाप्रति असल व्यवहार गरौं

- ◆बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- ◆उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- ◆बालबालिकालाई स्नेह र माया गरौं,
- ◆उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- ◆बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- ◆उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- ◆बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- ◆परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- ◆बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## कार्यदलको बैठक निष्कर्षविहीन, शुक्रबार बिहान पुन: बस्ने

**रासस**
काठमाडौ, १० जेठ

सहकारी छानबिन गर्न संसदीय छानबिन समितिको कार्यादेश टुङ्गो लगाउन गठित कार्यदलको बिहीबार बसेको बैठक निष्कर्षविहीन बनेको छ।

बिहीबार सिंहदरबारस्थित कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा बसेको बैठकमा संसदीय छानबिन समितिको कार्यादेशका बारेमा छलफल भएको नेकपा (एमाले) को संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिनुभयो। प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको नाम किटान गरेरै अनुसन्धान गर्नुपर्ने अडानका कारण बैठक निष्कर्ष विहीन भएको उहाँको भनाइ छ। उहाँका अनुसार उक्त कार्यदलको बैठक शुक्रबार बिहान फेरि बस्ने तय भएको हो। "बैठक निष्कर्षविहीन भयो", उहाँले भन्नुभयो, "सहमति जुटन नसकेपछि निष्कर्ष विहीन भएको हो । आजको बैठकबाट करिब करिब ठ्याकै टुङ्गो चाही भोलि बिहान ८.३० बजे लगाउने गरी समितिको केही कार्या देश विषयमा नजिक पुग्यौँ। " नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले बैठकमा सरकारपक्षबाट राखिएको मौखिक प्रस्तावमा नाम नराखी छानबिनको दायरा अघि बढाउनसक्ने आशय आफूहरुलाई स्वीकार्य नभएको बैठकपछि सञ्चारकर्मीलाई बताउनुभयो । "विपक्षी दलले उपप्रधान एवं गृहमन्त्री लामिछाने छानबिन सम्बन्धित व्यक्तिकै बारेमा छानबिन नगरिकन कांग्रेसले कार्यदलमा सहमति गर्ने अवस्था छैन", उहाँले भन्नुभयो, "हामीले स्पष्ट रुपमा भनेका छौं, यसबारे छानबिन समिति बनाउनुपर्छ भनेर उठाएका हौं, जबसम्म त्यहाँ पुग्दैन हामी मान्दैनौं भनेर भनेका छौं । आजको बैठकमा सरकारपक्षलाई यही कुरा राखेको छु।"


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# वाईवाई यु-१९ क्रिकेट जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

टिम विन्ध्यवासिनी पोखरामा जारी यू-१९ वाईवाई कप कास्की जिल्ला पुरुष क्रिकेट छनौंट प्रतियोगिता २०८१ मा अपराजित रहदा टिम भद्रकालीले पहिलो जित हात पारेको छ।

कास्की जिल्ला क्रिकेट संघको आयोजना तथा पोखरा महानगरपालिकाको सहयोगमा मंगलबारदेखि पोखरा रंगशाला स्थित क्रिकेट मैदानमा जारी प्रतियोगिताको तेस्रो दिन बिहीबार सम्पन्न पहिलो खेलमा भद्रकालीले बाराहीलाई ६१ र दोस्रो खेलमा विन्ध्यवासिनीले अकलालाई ३० रनले पराजित गरेका थिए। यस अघि विन्ध्यबासिनीले उद्घाटन खेलमा भद्रकालीलाई नौ विकेटले पराजित गदै प्रतियोगितामा सुखद सुरुवात गदै आफनो अपराजित यात्रा जारी राख्दा अकलाले भने लगातार दोस्रो हार व्योरेको छ। प्रतियोगितामा भद्रकाली र बाराहीले भने समान एक एक खेलमा जित हात पारेका छन्।

पहिलो खेलमा टस जितेर ब्याटिङ रोजेको भद्रकालीले २० ओभर खेल्दै नौ विकेट गुमाएर एक सय ६५ रन जोडेको थियो। एक सय ६६ रनको लक्ष्य पछ्याउदै







जवाफि ब्याटिङ्का लागि मैदान उत्रेको बाराही १८.३ ओभरमा अल आउट हुदै जम्मा एक सय चार रनमा समेटिन पुगेको थियो।

खेलमा खेलका म्यान अफ दी म्याच समेत रहेका भद्रकालीका आदित्य थापाले अर्धशतक पुरा गर्ने क्रममा २३ बलमा चार चौका र ६ छक्का सहित ५७ रन प्रहार गरेका थिए। टोलीका लागि ओपनर रोहित चन्द्रले ३२ बलमा पाँच चौका र दुई छक्का सहित ४३ र अर्का ओपनर सम्राट अधिकारीले २३ बलमा दुई चौका सहित टोलीका लागि १६ रन जोड्दा अन्य खेलाडीले दोहोरो अंक जोड्न असफल रहे। बाराहीका लागि ओपनर अर्जुन कुमालले १६ बलमा चार चौका सहित टोलीका लागि सर्वाधिक २१ रन जोड्दा अशेष न्यौपानेले २७ बलमा २०, अर्का ओपनर सुमन पन्तले २७ बलमा दुई चौका सहित १७ र सोनु यादवले आठ बलमा दुई चौका सहित १० रन जोड्दा अन्य खेलाडीले दोहोरो अंक छुन सकेनन्।

खेलमा बाराहीका अभिषेक पौडेलले चार ओभर खेल्दै २० रन खर्चेर चार विकेट हात पार्दा सुमन पन्तले तीन, अर्जुन कुमालले दुई सगै भद्रकालीका नितेष गिरीले ३.३ ओभर खेल्दै ११ रन खर्चेर चार विकेट हात पार्दा सुस्मनी गौतम सुनारले तीन विकेट लिएका थिए। दोस्रो खेलमा टस जितेर ब्याटिङ रोजेको विन्ध्यवासिनीले २० ओभर खेल्दै पाँच विकेट गुमाएर दुई सय दुई रन जोडेको थियो भने प्रतिउत्तरमा दुई सय तीन रनको लक्ष्य पछ्याउदै ब्याटिङ्का लागि मैदान उत्रेको अकला २३.२ ओभर खेल्दै १० विकेट गुमाएर एक सय ७२ रनमा समेटिन पुगेको थियो। बिन्ध्यवासिनीको जितमा अर्धशतक पुरा गरेका खेलका म्यान अफ दी म्याच समेत रहेका ओपनर सफल श्रेष्ठ नट आउट रहदै ७७ बलमा ११ चौका र दुई छक्का सहित ८८ रन जोडेका थिए। अर्का ओपनर सिब्रिन श्रेष्ठले ४० बलमा पाँच चौका र दुई छक्का सहित ४९ र शंकर वाग्लेले १२ बलमा समान एक चौका र छक्का सहित १५ रन जोडेका थिए।

उता अकलाका लागि ओपनर साहिल कुँवरले अर्धशतक पुरा गर्ने क्रममा ५५ बलमा नौ चौका र एक छक्का सहित ६४ रन बनाएका थिए। अर्का ओपनर मनिश भण्डारीले ३० बलमा पाँच चौका प्रहार गदै ३१, विवेक अधिकारीले १० बलमा समान एक चौका र छक्का सहित १६, सक्षम आर्चायले नौ बलमा दुई चौका सहित टोलीका लागि १२ रन जोड्दा अन्य खेलाडीले दोहोरो अंक जोड्न सकेन्न। खेलमा विन्ध्यवासिनीका सविन सुवेदीले तीन, सौरभ सिंदुकीले दुई विकेट लिदा अकलाका अनिश पटेल र समिर भुजेलले समान दुई दुई विकेट लिएका आयोजक संघका अध्यक्ष संञ्जयकान्त सिग्देलले जानकारी दिए।

# प्रदेश स्तरिय बास्केटवल प्रतियोगितामा कास्कीको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

पोखरा रंगशालामा विहिबारदेखि सुरु भएको प्रदेश स्तरिय पुरुष तथा महिला बास्केटवल प्रतियोगिता अर्न्तगत पुरुष तर्फको खेलमा कास्कीले विजयी सुरुवात गरेको छ। प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा गण्डकी प्रदेश बास्केटबल संघको संचालन तथा व्यावस्थापनमा विहिबार भएको उद्घाटन खेलमा कास्कीले लमजुङलाई ५०-४४ को स्कोरले पराजित गर्दै विजयी सुरुवात गरेको हो।

यसै गरी पुरुषतर्फको अर्को खेलमा स्याङजाले तनहुँलाई ३७-३३ ले पराजित गर्‍यो भने पर्वतले बागलुङलाई १० का विरुद्ध १०१ स्कोरले बिशाल स्कोरको अन्तरले पराजित गर्दा म्याग्दीले नवलपुरलाई १४ का विरुद्ध १०९ बिशाल स्कोरको अन्तरले पराजित गरेको छ। त्यसै गरी महिलातर्फ भने क्वाटरफाइनलका खेलहरु सम्पन्न भएको छ। शुक्रबार महिलातर्फ सेमीफाइनल र फाइनलका खेलहरु सञ्चालन हुने भएको छ। महिलातर्फ ६ जिल्ला सहभागि भएको मध्ये म्याग्दी, स्याङजा, पर्वत र लमजुङले सेमीफाइनलको यात्रा बनाएका छन्। बिहिबारको खेलमा म्याग्दीले कास्कीलाई ३८-२२ ले, स्याङजाले तनहुँलाई ५५-२४ ले, म्याग्दीले लमजुङलाई ३६-३० ले पर्वतले तनहुँलाई ४१-२६ ले, लमजुङले कास्कीलाई २१-१८ ले र स्याङजाले पर्वतलाई ४५-५० को स्कोरले पराजित गरेको छ।

यस अघि उक्त प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार बिकास तथा यातायात व्याबस्था मन्त्री राजीव गुरूङले रेफ्रिलाई बल हस्तान्तरण गरी गर्नु भएको हो। प्रतियोगितामा पुरुष तर्फ ८ र महिला तर्फ ६ जिल्लाको सहभागिता रहेको महासचिव बिष्णु बहादुर गुरुङले जनाउनु भयो। शनिबारसम्म चल्ने प्रतियोगिताबाट दशौं राष्ट्रिय खेलकुदको लागि खेलाडीहरु समेत छनौट गरिने भएको संघ प्रदेशका उपाध्यक्ष किरण सापकोटाले बताउनु भयो। नेपाल भलिवल संघका सल्लाहकार एवं टाईगर ग्रुप अफ पोखराका अध्यक्ष नारायण प्रसाद शर्माले उक्त बास्केटवल कोर्टलाई अब ईण्डोरकोर्ड बनाउनु पर्नेमा जोड दिनु भयो। गण्डकी प्रदेश बास्केटबल संघका अध्यक्ष एवं प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको हो।

उक्त प्रतियोगितामा उपाधि बिजेता महिला तथा पुरुष टिमले समान नगद रु ६०/६० हजार उपविजेताले समान नगद रु ४०/४० हजार प्राप्त गर्नेछन् भने प्रतियोगितामा पुरुषतर्फ ८ र महिलातर्फ ६ गरी १४ टिमको सहभागिता रहेको छ।

# 'बुद्ध दर्शनलाई जीवन दर्शन र मानव सभ्यताका रुपमा बुझ्न जरुरी'

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्ली राज भट्टले २५६८ औं बुद्धजयन्ती र किराँत जातीको सांस्कृतिक पर्व उभौलीको शुभकामना व्यक्त गर्नुभएको छ।

एक शुभकामना सन्देश जारी गर्दै विश्व शान्तिका अग्रदूत गौतम बुद्धको २५६८ औं जन्मजयन्तीका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका बौद्ध धर्मावलम्बी, शान्ति र अहिंसाप्रेमी सम्पूर्ण नेपालीमा सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गर्नुभएको हो। प्रदेश प्रमुख भट्टले भन्नुभएको छ - 'विश्वका महान् पुरुष गौतम बुद्ध हाम्रो धर्तीले जन्माएकामा हामीलाई गर्व छ। बुद्धका कालजयी उपदेश र मार्गदर्शनलाई आत्मसात् गर्नुपर्नेछ।

बुद्धबाट व्यक्त प्रेरणादायी सत्य वचनहरूको महत्व आजको विश्व परिवेशमा झनै बढेको छ। बुद्धको उपदेशलाई आत्मसात गर्न सकिए राष्ट्र र विश्वमा नै भातृत्व, सद्भाव र दीगो शान्ति स्थापना हुने मेरो विश्वास छ।' उहाँले बुद्धजयन्तीलाई हाम्रो राष्ट्रको प्राचीन सभ्यता र समृद्ध इतिहासबाट प्रेरणा लिँदै प्रगतिको बाटोमा अग्रसर रहन प्रण गर्ने अवसरका रूपमा लिनुपर्ने बताउँदै बुद्ध दर्शनलाई जीवन दर्शन र मानव सभ्यताका रुपमा बुझ्न हामी सबैले जरुरी उल्लेख गर्नुभयो।

उभौली जस्ता मौलिक सांस्कृतिक चाडपर्वहरूले सामाजिक एवं पारिवारिक जमघट गराउने र समुदायबीचमा आपसी सद्भाव सुमधुर बनाउन सहयोगसमेत गर्ने उहाँको भनाई छ। बुद्धजयन्ती र उभौलीको यो दिनमा भौगोलिक, धार्मिक, सांस्कृतिक, जातिय र भाषिक विविधतालाई आपसमा गाँसेर राष्ट्रिय एकता तथा साझा नेपाली पहिचान कायम गर्नमा महत्वपूर्ण योगदान दिन सकियोस् भन्ने शुभकामना व्यक्त गर्नुभएको हो।

# मनाइयो ...

पर्व मनाइएको हो।

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धजयन्ती पर्व सिद्धार्थ गौतम अर्थात् शाक्यमुनि बुद्धले शान्तिको सन्देश फैल्याउन पुऱ्याउनुभएको योगदानको स्मरणमा उहाँप्रति आराधना, ध्यान गरी मनाइन्छ। बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन्। उहाँको जीवनका तीन महत्वपूर्ण घटना वैशाख शुक्ल पूर्णिमाका दिन भएकाले आजको दिनलाई बौद्धमार्गीले त्रिसंयोग दिवसका रुपमा पनि मनाएका छन्।

'अहिंसा नै शान्ति र मैत्रीको आधारशीला हो' यस्ता अनेकौँ कालजयी सन्देशबाहकका रूपमा भगवान् गौतम बुद्धको परिचय विश्वव्यापी बनेको छ। बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवम् बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिएको थियो। यस



अवसरमा नागरिकले भने बेलुकी घरमै दीपावली गरेर बुद्धजयन्ती मनाउने गरेका छन्। लुम्बिनी, स्वयम्भू, बौद्धलगायतका स्थलमा पनि विविध कार्यक्रम आयोजना गरी बुद्धजयन्ती मनाइएको छ। इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६८ वर्षअघि माता मायादेवी कपिलवस्तुको तिलौराकोटबाट रुपन्देहीको देवदह जाने क्रममा लुम्बिनी उद्यानमा वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको हो। भगवान् विष्णुको नवौँ अवतार मानिनुहुने उहाँले कपिलवस्तु राज्यका राजा शुद्धोधन र मायादेवीका सुपुत्रका रुपमा हालको रुपन्देहीको लुम्बिनीमा जन्म लिनुभएको इतिहास छ। राजकुमारका रूपमा प्राप्त हुने सुखसयल छोडी दुःख निवारणको कारण खोज्न २९ वर्षको उमेरमा तपस्याका लागि निस्कनुभएका उहाँले तपस्याबाट प्राप्त बुद्धत्वका माध्यमबाट उहाँले विश्व शान्ति स्थापनाका लागि सहयोग पुऱ्याउनुभयो।

इसापूर्व ५२८ को वैशाख शुक्ल पूर्णिमाका दिन उहाँले बुद्धगयास्थित पिपलको रुख (बोधिवृक्ष) मुनि बुद्धत्व प्राप्त गर्नुभयो। बुद्धत्व प्राप्त गरेपछि नै उहाँलाई गौतम बुद्ध, बुद्ध भगवान् आदि नामले पुकारिएको हो। दुःखलाई नाश गर्न तृष्णा क्षय गर्ने आठ मार्ग नै बुद्धले पाउनुभएको ज्ञान हो। सम्यक् सङ्कल्प, सम्यक् दृष्टि, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि यी आठ मार्ग हुन् भनी उहाँले ज्ञान बाँड्नुभएको थियो।

यी ज्ञान पहिलोपटक सारनाथस्थित मृगदावनमा पञ्चवर्गीय भिक्षुहरूलाई प्रवचन (धर्मदेशना) का माध्यमबाट बाँड्नुभएको थियो। ४५ वर्षसम्म यस्तो ज्ञान बाँडेपछि ८० वर्षको उमेरमा इसापूर्व ४८३ मा वैशाख शुक्ल पूर्णिमाकै दिन कुशीनगरमा उहाँले महापरिनिर्वाण (मृत्यु) प्राप्त गर्नुभयो। विश्व जगत्मा शान्तिका अग्रदूत र एसियाका ताराका रूपमा भगवान् गौतम बुद्धलाई चिनिन्छ।

बुद्धले आठ मार्गका माध्यमबाट शान्ति, अहिंसा, मैत्री र करुणाको शिक्षा आम मानिसलाई दिनुभयो। यसैकारण विश्वमा बुद्धदर्शनले सम्प्रदाय वा पथको रूप धारण गरेको छ। यसप्रति अध्ययन, अनुसन्धान गर्नेको सङ्ख्या पनि बढेको छ।

**महिलाविरुद्धको हिंसा अन्त्य गरौं**

- महिला विरुद्धको हिंसा भनेको महिला विरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनैपनि किसिमको यातना, भेदभाव वा दुर्व्यवहार हो।
- कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना दिने कार्य घरेलु हिंसा हो।
- घरेलु हिंसा गर्ने व्यक्तिलाई ३ हजारदेखि २५ हजार रुँपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन्छ। पुन: सोहि कसूर गर्नेलाई पटकैपिच्छे दोब्बर सजाय हुन्छ। तसर्थ घरेलु हिंसा हुने कुनैपनि काम नगराऔं/नगराऔं। सभ्य समाजको निर्माणमा अग्रसर होऔं।


आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन नं. ०६१-४६७७३२/४६७७३३

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (वाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# कांग्रेसको अनुचित हठ

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले निरन्तर संसद अवरोध गरिरहेको छ । उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने सहकारी ठगीमा संलग्न रहेको आरोपमा जनताको आवाज राख्ने थलो संसद बन्धक बनेको छ । प्रधानमन्त्री प्रचण्डलाई संसदबाट विश्वासको मतसमेत लिन अवरोध गरेको कांग्रेस लामिछानेविरुद्ध संसदीय छानबिन समिति नबन्दासम्म अवरोध नखोल्ने मुडमा रहेको छ । सडकबाट समेत आन्दोलन गर्ने घोषणा गरेको छ।काङ्ग्रेसको निरन्तरको अबरोधका कारण १५ जेठमा संसदमा पेश गर्नुपर्ने बजेट प्रभावित हुने सम्भावना देखिएको छ ।

सदनको गतिरोधको कारण जेठ १५ गते बजेट सार्वजनिक गर्न सरकारसँग सिमित विकल्प देखिन्छ । एक, नियमित संसदबाट बजेट ल्याउने । दोस्रो, कांग्रेसको अवरोधको बीचमै बजेट प्रस्तुत गर्ने । तेस्रो, अध्यादेशको बाटो रोज्ने । सरकारसँग रहेका यी तीन विकल्पमध्ये पहिलो अर्थात् नियमित संसदबाट बजेट ल्याउने विकल्पचाहिँ निकै कठिन हो । यो विकल्पका लागि कांग्रेस र सरकारबीच छानबिन समिति गठनको कार्यादेशमा सहमति जुट्नुपर्नेछ । कार्यादेशमा सहमति जुटाउन कार्यदलबीच छलफल भइरहे पनि सहमति जुटेको छैन ।

सरकारले असहज बाटोबाट भए पनि बजेट ल्याउनेछ । संविधानमा भएका प्रक्रियाहरू पूरा गरेर बजेट ल्याउने तयारीमा सरकार छ । ‘संसदबाट बजेट ल्याउने हो । संसदबाट बजेट ल्याउन दिएन भने कांग्रेसले घेराउ गरे पनि बजेट ल्याइन्छ । यो अवस्था पनि बनेन भने अध्यादेशबाट बजेट ल्याउनेछ तर अहिले पनि सरकार सहमति गर्न तयार छ ।संसदमा बजेट सार्वजनिक गर्न नदिदा अपजसको भागिदार काङ्ग्रेस बन्नेछ । सत्तापक्ष अध्यादेशबाट बजेट ल्याउने स्थितिमा पुग्दा कांग्रेस पनि दोषरहित भने हुने छैन । सामान्य विजनेशको समयमा संसद अवरोध गर्नु र बजेट ल्याउँदा अवरोध गर्नु फरक सन्दर्भ हुने जानकारहरु बताउँछन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी आर्थिक वर्षको बजेट अध्यादेशबाट ल्याउने स्थिति नआओस् भन्ने आफूले चाहेको कारण प्रतिपक्षीसंग संवाद जारी राखेका छन। बजेट कसरी ल्याउने भन्ने विषय संसद अवरुद्ध गरिरहेको प्रमुख प्रतिपक्ष कांग्रेसको हातमा रहेको पनि प्रधानमन्त्रीको भनाईले सहमतिका लागि लचक छन भन्ने जनाउँछ। परम्परागत बजेटभन्दा फरक बजेट ल्याउने भन्दै माघबाट नै तयारी थालेका प्रधानमन्त्री प्रचण्डले अन्तिममा आएमा दलहरूबीच ध्रुवीकरण बढ्छात्यो अवस्था आउन नदिन र अहिलेका उपलब्धि गुम्न नदिन संसदको सबैभन्दा ठूलो दल काङ्ग्रेसले हठ छोड्नुपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाब |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सदरमुकाममा नै छैन पक्की पुल

**रासस**
मनाङ, १० जेठ

विकट जिल्ला मनाङको सदरमुकाम चामेमा पक्की पुल नहुँदा आवागमनका लागि काठको पुल निर्माण गरिएकको छ । जिल्लाको मुटुमा मानिएे चामेमा आवतजावत सहज बनाउने उद्देश्यले चामे गाउँपालिका र स्थानीय युवाको सहयोगमा काठेपुल निर्माण गरिएको हो ।

सडक विस्तारको काम भइरहेको अवस्थामा चामेका चार ठाउँमा काठेपुल निर्माण गरी सञ्चालन भइरहेका छन् । दीर्घकालीन हुनेगरी पक्की पुल नहुँदा वर्षा लाग्ने समयमा अझ जोखिम बढ्ने स्थानीय बताउँछन् । चामे-१ तिमाङस्थित तिमाङखोलामा, चामे-२ स्थित स्यार्कुखोला, चामे-४ स्थित दुईवटा घट्टेखोलामा काठेपुलले मात्रै आवतजावत गर्न सकिन्छ ।

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बेसीँसहर चामे सडक आयोजनासँग पटकपटक समन्वय गर्दा पनि दीर्घकालीन रूपमा पक्की पुल निर्माण हुन नसकिएको बताउनुभयो । उहाँले भन्नुभयो, “वर्षा लाग्न थालेको छ, यससँगै काठका पुल बाढीले बगाउँछ, आवतजावत नै रोकिने समस्या फेरि दोहोरिनेछ । एउटा काठेपुल निर्माणका लागि बर्सेनि रु पाँच/सात लाख लाग्छ, अन्य ठाउँमा उपयोग हुने बजेट काठेपुललाई छुट्याउन बाध्य छौँ ।” आयमूलक क्षेत्रमा लगानी गर्नुको सट्टा काठेपुल निर्माणमा खर्चनुपर्ने बाध्यता रहेको अध्यक्ष घलेले बताउनुभयो । सडक निर्माण आयोजना, सङ्घीय तथा प्रदेश सरकारसँग छलफल गर्दा पनि यहाँ पुल निर्माण गर्न नसक्दा आमनागरिकको गुनासो पूरा गर्न नसकिएको उहाँको भनाइ छ । मनाङ पर्यटकीय क्षेत्र भएकाले मेरुदण्डको रूपमा रहेको यस सडकमा काठेपुलमात्र हुँदा सवारीसाधन तथा स्थानीयलाई आवतजावतमा समस्या हुँदै आएको छ । जिल्लाको मुख्य सडकमा मात्र नौवटा काठेपुलको यात्रा गरेर माथिल्लो मनाङका तिलिचो ताल, थोराङ्ला भञ्ज्याङ पार गर्नुपर्ने बाध्यता रहेको स्थनीय बताउँछन् । बाढी आउँदा झनै सास्ती हुने गरेको उनीहरुको भनाइ छ । प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले सडक आयोजनासँग पुल निर्माणको विषयमा छलफल भइरहेको बताउनुभयो । पर्यटकीय क्षेत्रमा नै पुलको अभाव हुँदा हुने जोखिमलाई मध्यनजर गरी पुल निर्माणलाई प्राथमिकतामा राख्न आग्रह गरिएको उहाँले बताउनुभयो । प्रजिअ लामिछानेले भन्नुभयो, “सधैँ काठेपुल सञ्चालन गर्न सम्भव छैन, हामीले सडक आयोजना कार्यलयसँग बोलाएर छलफल गर्‍यौँ, तर काम भएको देखिँदैन । काठेपुल पनि जीर्ण हुँदै गएका छन्, केही ठाउँमा धान्न नसक्ने भएपछि खोलाबाट नै तर्नुपर्ने अवस्था आएको छ ।” पक्की पुल नहुँदा काठेपुलको यात्रा जोखिम बन्दै गएकाले सरकारको ध्यान पुग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

जिल्लाका काठेपुल हटाउने गरी पक्की पुल निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)का लागि सम्झौता भएको डुम्रे-बेसीँसहर-चामे आयोजना कार्यालयका सबइन्जिनियर सुमन अधिकारीले जानकारी दिनुभयो । “डिपिआर गर्नका लागि मात्रै सम्झौता भएको छ । बजेट अभावमा अझै उस्तै छ”, उहाँले भन्नुभयो ।

अधिकारीका अनुसार यस सडकखण्डअन्तर्गत १५ वटा पुल निर्माणका लागि डिपिआर भएको र बजेट प्राप्त भएपछि बोलपत्र आह्वान गरी काम हुनेछ । बोलपत्र आह्वान हुनासाथ निर्माण थालिने योजना रहेको उहाँले बताउनुभयो ।

जिल्लाका विभिन्न क्षेत्रबाट आउने यात्रु, पर्यटक तथा सवार ीसाधन पक्की पुल नहुँदा काठेपुलको भरमा सञ्चालित छन् । वर्षामा काठेपुलबाट आवतजावत गर्दा थप समस्या र जोखिम हुँदै आएको स्थानीय बताउँछन् ।

# किसानलाई बजारसँग जोड्न चक्रपथ निर्माण

**रासस**
बागलुङ, १० जेठ

पहाडैपहाडले घेरिएको बागलुङको बरेङ गाउँपालिकाले किसानलाई बजारसँग जोड्न चक्रपथ निर्माण गरेको छ । विसं २०७४ देखि चक्रपथ निर्माण थालेको गाउँपालिकाले वडा नं ५ देखि भित्रीवन, साग्दी सत्यवती, डाँडाकटेरी, झुले, हुँदै सल्यान जोडेको छ । ग्रामीण चक्रपथले दर्जनौँ गाउँबस्ती जोडिएपछि स्थानीय कृषक हर्षित भएका छन् ।

चक्रपथ मात्रै नभएर गाउँपालिकाले सबै बस्तीसम्म मोटरबाटो पुर्‍याएको छ । चक्रपथले विकट बस्तीसम्म जोडिएपछि अब यात्रा मात्रै नभएर स्थानीय उत्पादन बजार पुर्‍याउन सहज हुने भएको छ । गाउँपालिकाले रु सात करोडको लगानीमा उक्त चक्रपथ निर्माण गरेको हो । चक्रपथको विभिन्न खण्डमा स्तरोन्नतिसमेत गर्न थालेको बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो । हरेक नागरिकलाई सडकको पहुँमा ल्याउन र किसानले उत्पादन गरेका वस्तुलाई बजारीकरणमा टेवा पुर्‍याउन गाउँपालिकाले चक्रपथ निर्माण गरेको उहाँको भनाइ छ । चक्रपथले धेरै गाउँ जोडेको हुँदा कुनै पनि नागरिक सडकको पहुँचभन्दा बाहिर नरहेको अध्यक्ष शर्मा बताउनुहुन्छ । ग्रामीण क्षेत्रमा चक्रपथ निर्माण चुनौतीपूर्ण भए पनि आफूहरुले ठूलै लगानी गरेर सम्पन्न गरेको उहाँको भनाइ छ । अब चक्रपथको स्तरोन्नति गरिने उहाँले बताउनुभयो ।

“लामो समय मेहनत गरेर चक्रपथ निर्माण गरिएको छ, यसले पालिकाभित्रका धेरै गाउँबस्तीलाई जोड्ने हुँदा हजारौँ नागरिक लाभान्वित हुने छन्, यसबाट किसानले बढी लाभ लिने छन्”, अध्यक्ष शर्माले भन्नुभयो, “यो सडक गाउँपालिकाको गौरवको आयोजना हो । हरेक वर्ष हाम्रो प्राथमिकतामा पर्छ, सडक खुलेपछि कृषि उपज बजारीकरण गर्न सहज भएको छ ।” स्थानीय किसान मीनबहादुर पुनले चक्रपथले गाउँ जोडिएपछि बजार आउजाउ गर्न सहज भएको बताउनुभयो । यसअघि पालिकाको केन्द्र पुग्न दुई घण्टाभन्दा बढी समय लाग्ने गरेकामा अहिले ४५ मिनेटमै पुग्न सकिने उहाँले बताउनुभयो । गाउँपालिकाले चक्रपथ निर्माण गरेपछि तरकारी र फलफूल बजार पुर्‍याउन सजिलो भएको छ । “पहिला डोकोमा बोकेर सडक भएको ठाउँसम्म पुर्‍याउनुपर्थ्यो, अहिले बारीबाटै गाडीमा राखेर बजार पुर्‍याउन सकिन्छ”, पुनले भन्नुभयो ।

# जनप्रकाश बहुमुखी क्याम्पसमा पुर्नताजकी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ



त्रिभुवन विश्वविद्यालय बाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस जनप्रकाश बहुमुखी क्याम्पस पोखरा २९ मा विश्वविद्यायल अनुदान आयोग को सहयोगमा तीन दिने पुर्नताजकी तालीमको उद्घाटन साथै पहिलो दिनको तालीम सम्पन्न भएको छ ।

क्याम्पसको अनुसन्धान बिभागले आयोजना गरेको उत्त कार्यक्कममा अनुसन्धान बिभाग प्रमुख युवराज लामीछाने को सभापतीत्व साथै क्याम्पस सन्चालक समीतीका अध्यक्ष बिजयराज भन्डारीको प्रमुख अतित्थ्यतामा सन्चालन भएको थियो ।

तिन दिन सम्म सन्चालन हुने उत्त पुर्नताजकी तालीमको उद्घाटन सत्रमा पोखरा विश्वविद्यालय मानविकी तथा समाजसास्त्रका डिन सह प्राध्यापक अजय थापा, त्रिभुवन विश्वविद्यालय केन्द्रिय क्याम्पस कीर्तिपुरका सह प्राध्यापक जगत तिमील्सीना, जनप्रकाश बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख ऋषीराम बुढाथोकी, जनज्वती क्याम्पस भीमादका क्याम्पस प्रमुख केशवराज काफ्ले, क्याम्पसका सञ्चालक समिति सदस्य विष्णु प्रसाद तिवारी लगाएतले बोलेका थीए ।

क्याम्पसका प्राध्यापक सन्दिप अधिकारीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख अर्जुन ओझाले स्वागत मन्तव्य राखेका थिए । गुप्तेश्वर माहादेव बहुमुखी क्याम्पस, लक्ष्मी आदर्श बहुमुखी क्याम्पस, भद्रकालि बहुमुखी क्याम्पस, जनज्वति क्याम्पस,भिमाद, कालिका पब्लिक कलेज र जनप्रकाश बहुमुखी क्याम्पसका ३५ जना प्राध्यापकहरुको सहभागीता रहेको पहिलो दिनको उक्त तालिममा पोखरा विश्वविद्यालयका प्राध्यापक डा. इन्द्र प्रसाद तिवारी र पृथ्वीनारायण क्याम्पस पोखराका उपप्रध्यापक डा. देवीलाल शर्माले सहजीकरण गरेका थीए । उक्त कार्यक्रम शनिवार सम्म चल्ने छ ।

# एसओएस गण्डकीमा विद्यार्थीको सम्मानसहित वार्षिक पुरस्कार वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

एसओएस हरमन माइनर स्कुल गण्डकीमा वार्षिक शैक्षिक पुरस्कार वितरण तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालयको प्राङ्गणमा आयोजित एक विशेष समारोहका बीचमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्य गण्डकी प्रदेशकी सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सीताकुमारी सुन्दासले ग्रहण गरेकी थिइन् ।

एसओएसका संस्थापक हर्मन माइनरको तस्बिरमा पुष्पार्पण गरी प्रारम्भ गरिएको उक्त समारोहमा विद्यालयका सहप्राचार्य प्रभास पौडेलले सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित विद्यालयको मूल नीति, सिद्धान्त, उद्देश्य र गतिविधिमाथि प्रकाश पार्दै उपस्थित अतिथि, अभिभावक र विद्यार्थीलाई शब्दगुच्छाद्वारा स्वागत गरे ।

समारोहमा शैक्षिक सत्र-२०८० मा उत्कृष्टता हासिल गर्ने प्रत्येक कक्षाका जम्मा ८६ विद्यार्थीलाई विषयगत रूपमा पुरस्कार वितरण गरिएको थियो । विषयगत उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरूलाई प्रमुख अतिथि सीता सुन्दास, एसओएस बालग्रामका परियोजना निर्देशक प्रदीपभक्त आचार्य तथा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले संयुक्त रूपमा पुरस्कार प्रदान गरे ।

उक्त समारोहमा एसओएस गण्डकीकी पूर्वशिक्षिका जया बरालद्वारा आफ्ना दिवङ्गत मातापिताको स्मृतिमा स्थापित ‘नगेन्द्रकुमारी-नारायण स्मृति पुरस्कार’ पनि प्रदान गरियो । एसओएसका कक्षा ३, ४ र ५ मा सर्वोत्कृष्टता हासिल गर्ने एकजना विद्यार्थीलाई प्रदान गरिने पच्चीस हजार रकमराशिको उक्त पुरस्कारबाट शैक्षिक सत्र-२०८० मा कक्षा ५ का प्रज्ञान बराल पुरस्कृत भएका छन् । बालबालिकाहरूसँग तीन दशकसम्म सहकार्य गर्ने क्रममा प्राप्त भएको उत्प्रेरणाबाट अभिप्रेरित भएर आफूले स्वर्गीय मातापिताका नाममा पुरस्कार स्थापना गर्ने निर्णय गरेको अक्षयकोषकी संस्थापक एवम् संरक्षक बरालले बताइन् ।




त्यस्तै कक्षा ८ को महानगरस्तरीय आधारभूत शिक्षा परीक्षामा विद्यालयका तर्फबाट गत शैक्षिक सत्रमा ४ जिपिए ल्याउने विद्यार्थीत्रय प्रज्ज्वल क्षेत्री, सुरभ तिवारी र स्मारिका न्यौपानेलाई जनही पाँच हजार नगद पुरस्कारसहित सम्मान गरियो । एसओएस बालग्राम गण्डकीकी पूर्वआमा शारदा पराजुलीद्वारा स्थापित अक्षयकोषबाट उक्त पुरस्कार प्रदान गरिएको हो । त्यस्तै विद्यालयका पूर्वशिक्षक सुरेश बरालद्वारा स्थापित अक्षयकोषबाट कक्षा २ मा अध्ययनरत कृषिका विकलाई विशेष शैक्षिक प्रोत्साहन पुरस्कार प्रदान गरिएको छ ।

समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेशकी सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सीताकुमारी सुन्दासले एसओएस गण्डकीमा अध्ययनरत विद्यार्थीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्राप्त गर्दै आइरहेको सफलता आफैँमा गौरवपूर्ण विषय भएको बताइन् । ‘अभिभावकले घरमा प्रदान गर्ने वातावरण, विद्यार्थीको लगनशीलता र शिक्षकहरूमा भएको दक्षताका कारण शैक्षिक क्षेत्रमा एसओएस देशकै अग्रणी संस्थाका रूपमा स्थापित छ ।’ मन्त्री सुन्दासले भनिन्, ‘ बालग्रामका अनाथ, असहाय तथा समुदायका लक्षित वर्गलाई निःशुल्क र अन्य विद्यार्थीबाट सामान्य शुल्क लिएर शिक्षा प्रदान गर्दै आइरहेको एसओएस स्कुललाई गण्डकी प्रदेश सरकारबाट विगतमा उपलब्ध गराइँदै आएको आर्थिक सहायतामा कमी हुन दिइने छैन ।’

एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यले विभिन्न विषयमा पुरस्कृत विद्यार्थीहरूलाई बधाई ज्ञापन गर्दै विद्यार्थीलाई पुरस्कार ग्रहण गर्न योग्य बनाउने सम्पूर्ण शिक्षकहरूलाई समेत धन्यवाद ज्ञापन गरे ।

सभाध्यक्षको आसनबाट बोल्दै विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले विषयगत उत्कृष्टता हासिल गर्ने सम्पूर्ण विद्यार्थीप्रति बधाई ज्ञापन गर्दै हरेक क्षेत्रमा उत्कृष्टताको परिचायक बन्दै आइरहेको एसओएस गण्डकीले आगामी दिनमा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्यामा समेत वृद्धि गर्दै लैजाने बताए ।

पुरस्कार वितरण समारोहमा पोखरा महानगरपालिकाकी कार्यपालिका सदस्य मन्दिरा परियार, एसओएस बालग्राम पोखराका परियोजना निर्देशक लोप्साङ ग्याल्ट्सेन, एसओएस नेपालका वित्तीय उपनिर्देशक विपिन हाडा, एसओएस नेपालका अनुगमन र मूल्याङ्कन शाखाका संयोजक योगेस्ट चौधरी, एसओएस युवालय गण्डकीका प्रमुख बाबुराम बराल, एसओएस नेपाल प्रकार्यात्मक सेवा प्रदायक शाखाका संयोजक रबिन भट्टराई, गण्डकी प्रदेश समाजिक विकास तथा स्वास्थ्य मन्त्रालयकी कर्मचारी प्रतिनिधि मञ्जु दुङ्गाना, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन एसओएस गण्डकीका एकाइ अध्यक्ष मिलन खत्री, एसओएस बालग्रामकी आमा प्रतिनिधि पार्वती पाण्डेलगायत विभिन्न व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । विद्यालयका विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीहरूद्वारा विविध सांस्कृतिक प्रस्तुति पनि प्रदर्शन गरिएको उक्त कार्यक्रमको सञ्चालन विद्यालयका सहप्रधानाध्यापक वीरसिंह बूढाले गरेका थिए ।

# 'भानु साहित्य उद्यान' निर्माणार्थ प्रारम्भिक रेखाचित्र सार्वजनिक

**रासस**
तनहुँ १० जेठ

तनहुँको भानु नगरपालिका-४ स्थित आदिकवि भानुभक्त आचार्यको जम्मस्थल चुँदी रम्घामा 'भानु साहित्य उद्यान' निर्माण गरिने भएको छ।

नगरप्रमुख आनन्दराज त्रिपाठी, उपप्रमुख उमा गोतामे र प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलले संयुक्त रुपमा रेखाचित्रको बुधबार सार्वजनिक गरेपछि निर्माण प्रक्रिया अघि बढाइएको हो।

वरिष्ठ कलाकार अशोकमान सिंहद्वारा नेपालका राष्ट्रिय विभूति भानुभक्त आचार्यको स्मृतिमा उद्यानको परिकल्पना गरिएको भानु नगरपालिकाले जनाएको छ । भानु साहित्य उद्यानको भविष्यको वास्तविकता कस्तो हुने भन्ने विषयमा निर्माण गरिएको परिकल्पनाको प्रारम्भिक तस्वीर (रेखाचित्र) स्केच गरिएको हो। आयोजनाका लागि जग्गा प्राप्ति, गुरुयोजना निर्माण र भानुको सालिक निर्माणलगायत कार्य प्रारम्भ गर्न सङ्घीय सरकारले चालु आर्थिक वर्षमा रु पाँच करोड थप विनियोजन गरेको थियो । सरकारले भानु नगरपालिकालाई विसं २०७८ मा रु दुई करोड स्रोत सुनिश्चित गरी सोही वर्ष रु एक करोड बजेट विनियोजन गरेपछि जग्गाधनीलाई मुआब्जा वितरण सुरु गरेको हो। नगरपालिकाले उक्त बजेट विनियोजनपश्चात् चार सय २१ रोपनी बढी जग्गा प्राप्तिकका लागि जग्गाधनीलाई मुआब्जा वितरण गर्दै आइरहेको प्रमुख प्रशासकीय अधिकृत पौडेलले जानकारी दिनुभयो । हालसम्म एक सय ३५ कित्ता जग्गा अधिग्रहण गरी जग्गधनीपुर्जा नगरपालिकाको स्वामित्वमा आइसकेको उहाँको भनाइ छ । उहाँका अनुसार हालसम्म जग्गा अधिग्रहण कार्य करिब ९५ प्रतिशत सम्पन्न भइसकेको छ।

चालु आवमा गत माघ ३ गते रु पाँच करोड बजेट प्राप्त भएपछि माघ २३ गते बैठक बसी मुआब्जा निर्धारण गरिएको प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताउनुभयो । उहाँका अनुसार उक्त साहित्यिक उद्यान निर्माणका लागि हालसम्म ३६ प्रतिशत वित्तीय प्रगति भएको छ ।भौतिक संरचना निर्माण गरी नेपाली भाषा, साहित्य, संस्कृति, पर्यटन, कला र राष्ट्रिय सम्पदाको संरक्षण संवर्द्धन गर्ने योजना रहेको छ। भानु साहित्य उद्यानको मूल उद्देश्य भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घालाई साहित्यिक तीर्थस्थल र सांस्कृतिक एकताको केन्द्रका रुपमा विकास गर्नु रहेको नगरपालिकाका वरिष्ठ अधिकृत सुनिल पाण्डेले जानकारी दिनुभयो। प्रस्तावित संरचनाभित्र भानुभक्तको विशाल सालिक, रामायण मन्दिर, मूर्ति वाटिका, भानुभक्तकालीन नमुना बस्ती, भानु साहित्य ग्राम र भानु प्रज्ञा भवन निर्माण गरिनेछ । साथै भानु वनस्पति उद्यान, सप्तधाम, प्रवेशद्वार, बस्ती तथा बजार क्षेत्र, मनोरञ्जन, वनभोजस्थल, पार्किङस्थल, प्राकृतिक वनविचरण क्षेत्र, सम्पदा संरक्षण क्षेत्र र साहित्यिक पदमार्ग निर्माण गरिने जनाइएको छ।

भानुभक्तका कृति, योगदान एवं नेपाली भाषा र साहित्यको अध्ययन, अनुसन्धानका निम्ति पुस्तकालय/सङ्ग्रहालय स्थापना गरी चुँदी रम्घालाई प्राज्ञिक उत्कृष्ट केन्द्रका रुपमा विकास गर्न लागिएको नगरप्रमुख त्रिपाठीले बताउनुभयो । तनहुँको भानु नगरपालिका-४ चुँदी रम्घालाई साहित्यिक र सांस्कृतिक पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्न लागएको भन्दै यसको नेतृत्व नगरपालिकाले लिइसकेको उहाँले बताउनुभयो।

विगतमा जग्गा अधिग्रहणको काम सुरु भए पनि गति लिन नसकेको भन्दै चालु आर्थिक वर्षदेखि यो काम तीव्रगतिमा अगाडि बढेको त्रिपाठीको भनाइ छ। "नेपाली भाषाका आदिकवि आचार्यको जन्मथलोलाई सप्तधामको रूपमा विकास गर्नुपर्छ भनेर अगाडि बढेका छौँ", उहाँले भन्नुभयो, "यसले तनहुँमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्नुका साथै स्थानीयको आर्थिकस्तर वृद्धि हुँदै जाने अपेक्षा गरेका छौँ।" सिङ्गो नेपाललाई भाषाको माध्यमबाट जोड्ने आदिकवि आचार्यको जन्मथलो ओझेलमा परेपछि यसलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाएर पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य राखिएको नगरप्रमुख त्रिपाठीको भनाइ छ । उहाँले भन्नुभयो, "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा भानुभक्तको विशिष्ट पहिचान छ, यो ठाउँलाई समय सन्दर्भअनुसारको सबै किसिमको धाम बनाउने परिकल्पना साथ अगाडि बढेका छौँ ।" नेपाली भाषा, साहित्य, संस्कृति, पर्यटन, कला र राष्ट्रिय सम्पदाहरूको संरक्षण संवर्द्धनका निम्ति विविध कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

# ढोरपाटनमा दोस्रो याममा १० नाउर र सात झारलको सिकार

**रासस**
बागलुङ, १० जेठ



वैधानिक रुपमा सिकार खेल्न पाइने नेपालकै एक मात्र सिकार आरक्ष ढोरपानटन सिकार आरक्षमा दोस्रो याममा १० नाउर र सात झारलको सिकार भएको छ।

दोस्रो सिकार याममा ढोरपाटन आरक्षले सिकार ब्लकमा वन्यजन्तु विभागको अनुमतिमा ११ नाउर, सात झारल र चार बनेलको सिकार गर्न अनुमति दिएको थियो । अनुमति पाएका तीन बनेलको सिकार गर्न नसकेको र एक नाउर र एक बनेलको सिकारका लागि अनुमति प्राप्त गरी राजश्व बुझाएका रसियन सिकारी सिकार खेल्नै नआएको ढोरपाटन सिकार आरक्ष कार्यालयका सूचना अधिकारी पशुपति अधिकारीले जानकारी दिनुभयो। सूचना अधिकारी अधिकारीका अनुसार विदेशी सिकारीले नाउर सिकारका लागि प्रतिस्पर्धाका आधारमा रु २१ लाख राजस्व बुझाएको र एक झारला लागि अधिकतम रु १८ लाख राजस्व बुझाएका थिए। उहाँले भन्नुभयो "दोस्रो वर्ष आरक्षमा सूचीकृत कम्पनीमध्ये पाँच कम्पनीमार्फत अमेरिका, रसिया, स्पेन, उज्बेकिस्तान, मेक्सिको र बुल्गेरियाका सिकारीले अनुमति पाएका थिए। यसवर्ष स्पेनका तीन, अमेरिकाका दुई, बुल्गेरियाका दुई, रसियाका दुई, मेक्सिकोका एक र उज्बेकिस्तानका एक सिकारी छनोट भएका थिए । सिकारीहरु बन्दोबस्तीका सामग्रीसहित गत फागुन १८ गतेदेखि सिकार खेल्न सुरु गरेका थिए। सिकार खेल्ने क्रममा नेपाली सहयोगीसहित आरक्षका कर्मचारी पनि विदेशी सिकारीसँग खटिनुभएको आरक्षका प्रमुख वीरेन्द्र कँडेलले जानकारी दिनुभयो । विभागले हरेक वर्ष नाउर र झारलको सिकारका लागि कोटा निर्धारण गर्छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार वर्षको पहिलो सिकार याम असोज-मंसिरमा आठ नाउर, चार झारल र आठ बनेलको सिकार गरिएको थियो। सिकारका आरक्षको क्षेत्रलाई सेङ्ग, बार्से, दोगाडी, घुस्तुङ, सुर्तिवाङ, सुनदह र फागुने सात ब्लकमा विभाजन गरिएको छ । ढोरपाटन क्षेत्रमा बर्सेनि (असोज-मङ्सिर) पहिलो याम र (फागुन-वैशाख) मा दोस्रो याम गरी दुई चरणमा सिकार हुँदै आएको छ । आरक्षमा यसपटक नेपाल वाइल्डलाइफ एड्भेन्चर, हिमालय सफारिज, ग्लोबल सफारिज, नेपाल ट्राभल एक्पेडिसन र ओपन नेपाल वाइल्ड लाइफ सफारिजमार्फत सिकारी सिकार खेल्न अनुमति पाएका थिए । यसपटकको सबैभन्दा बढी सिकार घुस्तुङ, दोगाडी र सेङ्ग ब्लकमा सिकार भएको जनाइएको छ । विदेशी सिकारीसहितको समूहले १५ दिनभित्र तोकिएको ब्लकमा सिकार खेलिसक्नुपर्ने हुन्छ । जङ्गलमै बास बस्ने सिकारीले आरक्ष प्रवेश गरेपछि निर्धारित समयमा मात्रै सिकार खेल्न पाउँछन्। साहसिक यात्रा र रोमाञ्चक सिकार अनुभवका लागि ढोरपाटन विदेशीको आकर्षक गन्तव्य बनेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक सिकार याममा विद्युतीय बोलपत्र आह्वान गरेर सिकारको कोटा र राजस्व दर निर्धारण गर्छ । नाउर र झारलको मूल्य, ब्लक रिजर्भ, लाइसेन्स, हेलिकोप्टर सबै बन्दोबस्तीको सामग्री तयार गर्दा एक जना सिकारीले करिब ३० देखि ३५ लाखसम्म खर्च गर्ने गरेको आरक्ष कार्यालयले जनाएको छ। विस २०४४ सालमा स्थापना भएको सिकार आरक्ष पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको भएपनि आरक्षको मुख्य कार्यालय भने बागलुङको ढोरपाटन उपत्यकामा पर्छ। सिकार आरक्षको सुरक्षाका लागि २०७३ सालदेखि नेपाली सेनाले गर्दै आएको छ।

# गण्डकीमा बहुवर्षीय आयोजनाका लागि १३ अर्बको स्रोत सुनिश्चित

**रामबहादुर थापा र सन्तोष गौतम**
गण्डकी १० जेठ/रासस

गण्डकी प्रदेश सरकारले पूर्वाधारतर्फका एक सय ६६ बहुवर्षीय आयोजनाका लागि करिब रु १३ अर्बको स्रोत सुनिश्चित गरेको छ। प्रदेशका ११ वटै जिल्लामा बन्ने सडक, पक्की पुल र झोलुङ्गे पुलका लागि आर्थिक मामिला मन्त्रालयबाट रु १२ अर्ब ७३ करोड ९८ लाख बजेटको स्रोत सुनिश्चित भएको हो।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ मा प्रस्ताव गरेका एक सय २७ सडक, ३० पक्की पुल र नौ झोलुङ्गे पुल आयोजना बहुवर्षीयका लागि छनोटमा परेका पूर्वाधार निर्देशनालयका निमित्त निर्देशक डा महेन्द्र बानियाँले जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेशका सडक आयोजनामा रु आठ अर्ब ६८ करोड २१ लाख ९४ हजार र पाँचवटा सङ्घीय समपूरक सडकका लागि रु दुई अर्ब १५ करोड ९६ लाखको स्रोत सुनिश्चित गरिएको हो।

तीसवटा सडक पुलका लागि रु एक अर्ब ८८ करोड र चारवटा झोलुङ्गे पुलका लागि रु एक करोड ७१ लाख बजेटको स्रोत सुनिश्चित भएको निमित्त निर्देशक डा बानियाँले बताउनुभयो । नौ झोलुङ्गे पुलमध्ये पाँच सङ्घीय समपूरकतर्फका रहेका छन्। "एक सय ६६ नयाँ आयोजनालाई यही वर्ष बहुवर्षीय ठेक्का लगाउने लक्ष्य छ", उहाँले भन्नुभयो, "अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गरेपछि ११ वटै जिल्लामा रहेका पूर्वाधार विकास कार्यालयले ठेक्का प्रक्रिया अघि बढाएका छन्।" रु १२ अर्ब पूँजीगत बजेट रहेको भौतिक मन्त्रालयले चालु आवमा पुराना वहुबर्षीय र सालबसालीसहित एक हजार चार सय ६४ योजनालाई वार्षिक कार्यक्रममा समावेश गरेको थियो। बढीमा रु २५ करोड लागतसम्मका आयोजना बहुवर्षीय ठेक्काका लागि स्वीकृत गरिएको हो। अधिकांश तीन वर्षका र केही दुई वर्षका आयोजना बहुवर्षीय ठेक्कामा लगाएको छ। "आगामी तीन आर्थिक वर्षसम्मका लागि आयोजनाको बजेट सुनिश्चित गरिएको छ, यसबाट आयोजना निर्माणले गति लिने र समयमै सम्पन्न हुने विश्वास लिइएको छ", निमित्त निर्देशक बानियाँले भन्नुभयो । चालु आवमा टुक्रे योजना कटौती गरेको मन्त्रालयले बहुवर्षीय आयोजना छनोट प्रक्रियालाई पनि थप व्यवस्थित बनाएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव शङ्करप्रसाद पण्डितले बताउनुभयो । सङ्घीय सरकारले पठाएका टुक्रे प्रकृतिका योजनासमेत फिर्ता गरेर त्यहाँको बजेट दायित्व सिर्जना भइसकेका ठूला आयोजनाका लागि व्यवस्थापन गरिएको उहाँको भनाइ छ । सङ्घीय सरकारले चालु आवमा रु ३० लाखभन्दा कम बजेटका एक सय ७४ आयोजनाका लागि रु १६ करोड २५ लाख विनियोजन गरेको थियो । सो बजेट दायित्व सिर्जना भएका सङ्घीय सशर्तका आठवटा सडक आयोजनामा रकामान्तरण गरिएको छ। आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटमा सडकतर्फ न्यूनतम रु ५० लाखभन्दा बढी बजेटका योजना बनाउने प्रदेश सरकारको तयारी छ।

बहुवर्षीयमा छानिएका एक सय ६६ पूर्वाधार आयोजनामध्ये म्याग्दीमा आठ सडक र दुई पक्की पुल रहेको पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख विष्णु पौडेलले जानकारी दिनुभयो । ती आयोजनाका लागि रु एक अर्ब २० करोड बजेट सुनिश्चित भएको छ । बहुवर्षीय ठेक्का लगाउन स्रोत सुनिश्चित भएका सात नयाँ आयोजनालाई कार्यान्वयनमा लगिएको प्रमुख पौडेलले बताउनुभयो । प्रदेश सरकारले ' एक निर्वाचन क्षेत्र, एक सडक', स्थानीय तहका केन्द्र जोड्ने सडक, रणनीतिक महत्वका सडक र प्रदेश गौरवका सडक आयोजनालाई अगाडि बढाएको छ । 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गत ३३ सडक आयोजना निर्माणाधीन छन् । ती आयोजनाको कुल दुई सय ७९ किमी सडक स्तरोन्नति गर्न ठेक्का सम्झौता भई कार्यान्वयनमा आएको मन्त्रालयले जनाएको छ। प्रदेश निर्वाचन क्षेत्रमा नमुना सडक निर्माण गर्ने लक्ष्यसहित सरकारले आव २०७५/७६ को नीति तथा बजेटमा उक्त कार्यक्रमलाई समावेश गरेको थियो । त्यसयता हरेक आवको बजेटमा उक्त कार्यक्रमले प्राथमिकता पाउँदै आएको छ । सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेशसभा सदस्यको सिफारिसका आधारमा सडक आयोजना छनोट गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले प्रदेश गौरवको आयोजनाका रूपमा स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माणलाई पनि गति दिएको छ। उक्त कार्यक्रमअन्तर्गत ११ सडक आयोजनाको कुल ८९ किमी सडकको स्तरोन्नति भइरहेको पूर्वाधार निर्देशनालयका निमित्त निर्देशक डा बानियाँले जानकारी दिनुभयो। प्रदेश सरकारले प्रदेशका ८५ वटै स्थानीय तहका केन्द्रलाई सडक सञ्जालले जोड्ने लक्ष्य लिएको छ। मन्त्रालयले अहिलेसम्म सडक नपुगेको गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमि गाउँपालिका केन्द्रमा सडक पुर्‍याउन विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ । मार्ग खोलिएका सडकको स्तरोन्नति र कालोपत्र गर्ने योजनालाई अगाडि बढाइएको छ । 'क' वर्गका १६ प्रादेशिक सडक आयोजनाको एक सय २२ किमी सडक स्तरोन्नतिको काम भइरहेको निमित्त निर्देशक डा बानियाँले बताउनुभयो । उहाँका अनुसार प्रदेश स्थापना भएयता ६ सय ७४ किमी पक्की र पाँच सय ६६ किमी कच्ची सडक बनेको छ। आगामी दुई वर्षभित्रमा थप पाँच सय १५ किमी कालोपत्र र ६७ किमी ग्राभेल गर्ने लक्ष्य लिएको उहाँले बताउनुभयो । पूर्वाधारतर्फ प्रदेश सरकारको सबैभन्दा धेरै बजेट खर्च हुँदै आएको छ।

प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गत ३३ सडक आयोजनाको कुल २७९.७१ किमी सडक स्तरोन्नति गर्न ठेक्का सम्झौता भई कार्यान्वयनमा गइसकेको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारको गौरवको आयोजनाका रुपमा रहेको स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रमअन्तर्गत ११ सडक आयोजनाको कुल ८९.३७ किमी सडकको स्तरोन्नति भइरहेको निमित्त निर्देशक डा बानियाँले जानकारी दिनुभयो। 'क' वर्गका १६ प्रादेशिक सडक आयोजनाको १२२.५५ किमी सडक स्तरोन्नति गर्ने काम अघि बढेको उहाँको भनाइ छ । गण्डकीमा गत आवसम्ममा ६७४.०६ किमी पक्की र ५६६.८५ कच्ची सडक बनेको मन्त्रालयले जनाएको छ। प्रदेश सरकारको लगानीमा पछिल्लो ६ वर्षमा ८५ पक्की पुल बनेका छन् भने ५३ पुल निर्माणाधीन छन् । थप २३ पुलको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयारीको प्रक्रियामा रहेका मन्त्रालयले जनाएको छ । पुल निर्माणले प्रदेशस्तरका सडकमा बाह्रैमास यातायात सञ्चालन गर्न सहज हुनेछ। पुलका लागि चालु आवमा रु ३४ करोड १५ लाख विनियोजन गरिएको मन्त्रालयले जनाएको छ।

सडकको पहुँच पुगे पनि समयमा पुल निर्माण नहुँदा वर्षायाममा ग्रामीण भेगको यातायात सेवा प्रभावित हुँदै आएको थियो। पुल निर्माणले गति लिन थालेपछि प्रदेशस्तरका सडकमा बाह्रैमास यातायात सञ्चालन गर्न सहज भएको स्थानीयवासी बताउँछन् । चालु आवमा कास्कीमा तीन, स्याङ्जा, तनहुँ, लमजुङ र बागलुङमा पाँच-पाँचवटा, गोरखामा चार, नवलपुर, पर्वत, म्याग्दी र नवलपुरमा दुई-दुईवटा र मनाङमा एउटा पुल निर्माणाधीन छन्। यस वर्ष बहुवर्षीयमा गएकासहित कुल ५३ पुल निर्माणाधीन अवस्थामा रहेका पूर्वाधार निर्देशनालयले जनाएको छ।

# कालीगण्डकी करिडोर : बलेवा-हर्मिचौर खण्डमा ५० प्रतिशत प्रगति

**रासस**
बागलुङ १० जेठ

कालीगण्डकी करिडोरको बलेवा-हर्मिचौर खण्डमा कालोपत्रका लागि पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेको छ । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको कालीगण्डकी करिडोरको बलेवा-हर्मिचौर खण्डको ४४ किलोमिटर सडकमा भौतिक प्रगति ५० प्रतिशत पुगेको छ।

उत्तर दक्षिण जोड्ने कालीगण्डकी करिडोरको बलेवा-हर्मिचौर खण्डको ४४ किलोमिटरमा कालोपत्रको पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेको छ भने मालढुङ्गा-बलेवाखण्डको १० किमी सडकमा पूर्वाधारको कामले तीव्रता पाएको हो । बागलुङ खण्डको ५४ किमी सडकमा कालोपत्रका लागि आवश्यक पूर्वाधार जस्तै सडक चौडा पार्ने, मेसिनरी पर्खाल, कल्भर्ट र ग्याबिन जालीलगायतका पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेका छन् भने बेस बिच्छ्याउने कार्यले तीव्रता पाएको कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाका सूचना अधिकारी अरुण खत्रीले बताउनुभयो । दुई खण्डमध्ये बलेवा-हर्मिचौर खण्डमा ५० प्रतिशत भौतिक प्रगति र ३६ प्रतिशत वित्तीय प्रगति भएको खत्रीको भनाइ छ। "भुक्तानी दिनसकेमा चालु आर्थिक वर्षमै बलेवा-हर्मिचौर खण्ड कालोपत्र भइसक्ने थियो, प्रगतिअनुसार रकम भुक्तानी गर्न नसक्दा कालोपत्रमा ढिलाइ भएको छ, तर निर्माण कामले तीव्रता पाएको छ, प्रगतिको १४ प्रतिशत रकम भुक्तानी गर्न सकेका छैनौँ", खत्रीले भन्नुभयो, "आर्थिक वर्ष २०८२/८३ मा सक्नुपर्ने ठेक्का हो, यही प्रगति भएमा आगामी आर्थिक वर्षमा कालोपत्र सकिन्छ।"

सुरुबाटै बलेवा-हर्मिचौर खण्डमा तीव्रगतिमा काम भए पनि बलेवा-मालढुङ्गा खण्डको १० किमी सडकमा काम सुस्त थियो । पछिल्लो समय कामले गति दिन थालेको जैमिनीका नगर उपप्रमुख हरिहर शर्माले बताउनुभयो । निर्माण व्यवसायीलाई आर्थिक दायित्व भुक्तानी गर्न नसक्दा निर्माण व्यवसायीले भनेजस्तो काममा तीव्रता पाउन नसकेको उहाँको भनाइ छ । बलेवादेखि हर्मिचौर खण्डमा मात्रै सयौँको सङ्ख्यामा मजदुर र स्काभेटरलगायतका आधुनिक औजार प्रयोगले सडक निर्माणले परिणाम लिएको शर्माको भनाइ छ। करिडोरले जैमिनीसहित सिङ्गो बागलुङलाई फाइदा पुग्ने शर्माले जानकारी दिनुभयो । विभिन्न ठाउँमा पर्खाल लगाउने, नाली बनाउने, सडक चौडा बनाउने कार्य अन्तिम चरणमा पुगेको छ। मालढुङ्गा-बलेवा खण्डको कामको जिम्मेवारी खड्का-कृष्ण बिएन जेभीले लिएको छ । १० किमी दूरी रहेको यो खण्डका लागि रु ५५ करोडमा निर्माण कम्पनीले ठेक्का लिएको हो । सम्झौताअनुसार दुई वर्षमा मालढुङ्गा-बलेवा खण्ड कालोपत्र गरिसक्नु पर्नेछ। यस्तै बलेवा विमानस्थलबाट हर्मिचौरसम्मको सडकखण्ड कालोपत्रका लागि कालिका कन्स्ट्रक्सनले जिम्मेवारी लिएको छ। रु तीन अर्ब ३० करोड लागतमा तीन वर्षभित्र काम सक्ने गरी ठेक्का सम्झौता भएको छ। करिडोरमा विभिन्न स्थानमा गरी एक सय ४८ घाट छन् । कालीगण्डकीमा मात्र पाइने शालग्राम दर्शनका लागिसमेत धार्मिक पर्यटक आउनसक्ने सम्भावना उत्तिकै छ । कालीगण्डकी करिडोर (गैँडाकोट-राम्दी-मालढुङ्गा) सडक आयोजना कार्यालय पाल्पाले बागलुङको मालढुङ्गाबाट गुल्मीको हर्मिचौरसम्मको ५४ किमी सडक एकैपटक कालोपत्र सम्पन्न गर्नेगरी काम भइरहेको छ। करिडोर नेपालको आर्थिक, सामाजिक विकासको मेरुदण्ड हुने ठानिएको छ । करिडोर कूल चार सय ३५ किमी लम्बाइ रहेको छ। कालीगण्डकी करिडोरअन्तर्गत कालोपत्र हुन लागेका दुई खण्ड हुँदै गुल्मी र बागलुङ जिल्लाका विभिन्न स्थानबाट बुटवल, बागलुङ, पोखरासम्म नियमित यातायात सञ्चालन गर्न सहज हुनेछ । करिडोर निर्माणपछि छिमेकी राष्ट्र चीन र भारतबीचमा आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ । नेपालको उत्तरी सीमा चीनको कोरला र दक्षिणी सीमा भारतको सुनौली जोड्ने सबैभन्दा छोटो मार्गका रूपमा कालीगण्डकी करिडोरलाई लिइएको छ।